आज मिति २०७४ फागुन १५ गतेका दिन यस शितगंगा नगरपालिका प्रमुख सूर्य प्रसाद अधिकारीज्यू को अध्यक्षतामा देहायको उपस्थिमा नगरकार्यपालिकाको कार्यालयमा नगरकार्यपालिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

१. प्रमुख श्री सूर्य प्रसाद अधिकारी शितगंगा नगरपालिका

२. उप प्रमुख श्री टिकाराम रेश्मी मगर शितगंगा नगरपालिका

३. सदस्य श्री बुद्धिकृष्ण पौडेल शितगंगा नगरपालिका

४. सदस्य श्री गोबर्धन थापा शितगंगा नगरपालिका

५. सदस्य श्री हेमनाथ भुसाल शितगंगा नगरपालिका

६. सदस्य श्री दामोदर अधिकारी शितगंगा नगरपालिका

७. सदस्य श्री कमल पौडेल शितगंगा नगरपालिका

८. सदस्य श्री ऋषि बहादुर रेश्मी शितगंगा नगरपालिका

९. सदस्य श्री मोहन प्रसाद पन्थी शितगंगा नगरपालिका

१०. सदस्य श्री रुक बहादुर आले शितगंगा नगरपालिका

११. सदस्य श्री भिम बहादुर के.सी. शितगंगा नगरपालिका

१२. सदस्य श्री हिम्मत पोखरेल शितगंगा नगरपालिका

१३. सदस्य श्री कोपिलचन्द्र आले शितगंगा नगरपालिका

१४. सदस्य श्री बावुराम गैरे शितगंगा नगरपालिका

१५. सदस्य श्री दुर्गा बहादुर वि.सी. शितगंगा नगरपालिका

१६. सदस्य श्री दामोदर न्यौपाने शितगंगा नगरपालिका

१७. सदस्य श्री पवित्रा थापा गैरे शितगंगा नगरपालिका

१८. सदस्य श्री जीवा पौडेल शितगंगा नगरपालिका

१९. सदस्य श्री शान्ता अधिकारी शितगंगा नगरपालिका

२०. सदस्य श्री कमला वेल्वासे शितगंगा नगरपालिका

२१. सदस्य श्री अर्चल राना मगर शितगंगा नगरपालिका

२२. सदस्य श्री राम बहादुर दर्नाल शितगंगा नगरपालिका

२३. सदस्य श्री विष्णु बहादर परियार शितगंगा नगरपालिका

२४. सदस्य श्री गोपाल वि.क. शितगंगा नगरपालिका

२५. सदस्य सचिव श्री हरीनारायण पौडेल शितगंगा नगरपालिका

सहयोगी कर्मचारीहरु

१. श्री तुकमान पुन मगर

२ श्री माधव बन्जाडे शिक्षा अधिकृत

३. श्री कृष्ण पौडेल स्वास्थ्य संयोजक

४. श्री नुमलाल खनाल ना.सु. शितगंगा न.पा.

५. श्री हुम बहादुर लामिछाने शितगगां न.पा. स.ई.

६. श्री ओम प्रकाश पाण्डे नायव सुव्वा शि.न.पा.

प्रस्तावहरु :-

१. अख्तियार, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा जिल्ला जनपरिषद्को पत्रका सम्बन्धमा ।

२. वडा तर्फको कार्यक्रम संसोधन सम्बन्धमा ।

३. चाक्ला हर्रे वोहखरसासामकोट धानखोल मोटर बोटो सम्बन्धमा ।

४. विगतका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

५. आगामी नगरसभाको बैठक तथा कार्यपालिकाको बैठक सम्बन्धमा ।

६. १४ नं वडाको कार्यालय व्यावस्थापनको रकम भुक्तानी सम्बन्धमा ।

७. वडा नं. १. को कार्यक्रम संसोधन सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. :- १.

प्रस्ताव नं १ माथि छलफल गर्दा अख्तीयर दुरुपयोग अनुसन्धान आयोगको च.नं. १२५४ मिति २०७४/९/३०, च.नं. १३३९ मिति २०७४/१०/११, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. ३१९ मिति २०७४/१०/१७ को पत्र र मगरात स्वायत्त प्रदेश जिल्ला जनपरिषद् अर्घाखाँचीको च.नं. १, मिति २०७४/१०/१० को पत्रको बारेमा आजको बैठकमा जानकारी भयो । अख्तीयार दुरुपायोग अनुसन्धान आयोग तथा मन्त्रालयको पत्रमा उल्लेख भएबमोजिम आगामी कार्यहरुमा उक्त उल्लेखित विषयमा ध्यान दिई कार्य गर्ने र योजनामा रकम दुरुपयोग भनि जन परिषद्बाट प्राप्त पत्रका सन्दर्भमा लागत अनुमान, सम्झौता बमोजिमको कार्य गराई कार्य सम्पन्न पश्चात समितिको निर्णय, अनुगमन समितिको निर्णय, सार्वजनिक परिक्षण, प्राविधिक मुल्याङ्कन, खर्चका विल भरपाई समेतका कागजात तथा सम्बन्धित वडा अध्यक्षबाट कार्य सम्पन्न भयो भनि सिफारीस गरेपछी मात्र भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. :- २.

प्रस्ताव नं २ माथि छलफल गर्दा चालु आ.व.को नगरपालिका वित्तिय समानिकरण अनुदान तर्फको रकम विनियोजन गर्दा वडा तर्फ १२ नं को निम्न अनुसार विनियोजन भएकोमा संशोधन गरी दिन भनि वडा समितिको बैठकबाट निर्णय गराई संसोधनको लागि लेखि आएकोले लेखिआएबमोजिम तापशिल अनुसार संसोधन गर्ने ।

तपशिल

(क) अपाङ्ग सहयोग कार्यक्रम शिर्षकमा रहेको रकम रु २५०००।- हटाई बाल विकास केन्द्र शिक्षण तथा खेलकुद सामग्री वितरण ८ विद्यालय शिर्षकमा रकम थप गर्ने ।

(ख) कृषि अनुदान तथा प्रोत्साहन शिर्षकमा रहेको रकम रु ५०००००।- बाट निम्न अनुसार कार्यक्रम गर्ने

कृषि अभिमुखिकरण तालिम वडा स्तरिय रु १०००००।-

पिरापानी, चुरेटोला, धौलेटाकुरा केराखेती रु १०००००।-

डोहोटे टोलमा खोर सुधारको लागि रु ५००००।-

रजिया टोलमा भैसी गोठ सुरधा रु ५००००।-

खल्याखर्क टोलमा गोठ सुधार रु ५००००।-

निपाने टोलमा केरा खेती रु २५०००।-

देउराली टोलमा बंगुर पाठापाठी खरिद रु ४५०००।-

खुम्चीकोट मौषमी कागती विरुवा रु ५००००।-

मैदान जोख्लेगैरा पहराकारु गोठ सुधार रु ३००००।-

निर्णय नं. :- ३.

प्रस्ताव नं ३ माथि छलफल गर्दा चाक्ला हर्रे बोहखर सामकोट धानखोला मोटर बाटो राष्ट्रिय पुनः निर्माण प्राधिकरणबाट सुरु विन्दु चाक्ला देखि ११ कि.मी सम्म गर्ने भएकोले यस नगरपालिकाबाट चालु आ.व.मा विनियोजन भएको रकमको कार्य उक्त ११ कि.मी छाडी अगाडी देखि मर्मत तथा स्तरोन्नतीको कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ४.

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विगतका नगरकार्यपालिकाको बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो । उक्त बैठकहरुबाट भएका निर्णयहरु समयमै कार्यान्वयन गर्ने तर्फ सवैले आ-आफ्नो स्थानबाट सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ५.

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७४ साल चैत्र महिनाको ३ गते नगरकार्यपालिकाको बैठक बस्ने र मिति २०७४ साल चैत्र महिनाको ४ र ५ गते नगर सभाको बैठक गर्ने निर्णय गरियो ।

निर्णय नं. :- ६.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका वडा नं. १४ को वडा कार्यालय व्यावस्थापन गर्दा रु १६६००।- बढी खर्च भएकोले उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. :- ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा नगरसभाबाट वडा नं. १ तर्फको वजेट विनियोजन गर्दा मन्द्रे मा.वि. कम्प्यूटर कक्ष भवन निर्माण कार्यको लागि रु ५०००००।- विनियोजन भएकोमा वडा समितिको बैठकबाट उक्त कार्यको संट्टा सो रकमबाट मन्द्रे मा.वि. भवनको घडेरी निर्माणमा रकमान्तर गरी दिन भनि निर्णय सहित माग भई आएकोले उक्त अनुसार कम्प्यूटर कक्ष भवन निर्माणलाई संसोधन गरी मन्द्रे मा.वि. भवन निर्माणमाको घडेरी निर्माणमा रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो